# खानीखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
साल्मेचाकला, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प.सं.:- २०८०/८१

च.नं.:-

मितिः- २०८०/०४/०४

---

**सूचना !** **सूचना !!** **सूचना!!!**

श्री सरोकारवालाहरु सबै,

खानीखोला गाउँपालिका, काभ्रेपलाञ्चोक।

**विषयः आ.व. २०७९/०८० को सम्पत्ति विवरण बुझाउने सम्बन्धमा।**

प्रस्तुत विषयमा भष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१(क) को उपदफा (१), निजामती सेवा नियमावली,२०५० को नियम ११८को उपनियम (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११० उपदफा (१) तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०७९ को दफा १०७ मा व्यवस्था भए बमोजिम यस गाउँपालिका अन्तर्गतका जनप्रतिनिधिहरु र कार्यरत रहेका सम्पूर्ण सरोकारवाला कर्मचारीहरुले आर्थिक वर्ष २०७९/०८० को आ–आफ्नो सम्पत्ति विवरण भरी २०८०।०५।१५ गते भित्र अनिवार्य रुपमा दर्ता गराई कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन सबैमा सुसूचित गरिन्छ।

समयमै सम्पत्ति विवरण बुझाउन छुट भएमा कार्वाही हुँदा स्वयं जिम्मेवार हुने व्यहोरा समेत यहि सूचना मार्फत जानकारी गराईन्छ। साथै सम्पत्ति विवरण बुझाउदा खाम बाहिर देहाय बमोजिम ढाँचामा विवरण खुल्ने गरि उल्लेख गर्नुहुन अनुरोध छ।

**सम्पत्ति विवरणको खाम बाहिर उल्लेख गर्नुपर्ने विवरणः**

आ.व. २०७९/०८० को सम्पत्ति विवरण

| **कर्मचारीहरुको हकमाः** | **शिक्षकहरुको हकमाः** | **जनप्रतिनिधिहरुको हकमाः** |
|---|---|---|
| कर्मचारीको संकेत नं. | शिक्षक संकेत नं. | नाम थरः |
| नाम थरः | नाम थरः | प्रदेशः |
| पद/ दर्जाः | तहः | स्थानीय तहको नामः |
| श्रेणी/तह | श्रेणीः | हालको पद/ दर्जाः |
| कार्यरत कार्यालयः | कार्यरत विद्यालयः | वडा नं. |
| मोबाईल नं. | मोबाईल नं. | मोबाईल नं. |
| ईमेल ठेगनाः | ईमेल ठेगना: | ईमेल ठेगना: |

पुनश्चः

१. वडाका जनप्रतिनिधि तथा कर्मचारीहरुको हकमा वडा सचिव मार्फत एकमुष्ट आइपुग्ने गरी बुझाउनु पर्नेछ।
२. प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी/ स्वास्थ्य इकाईमा कार्यरत कर्मचारीहरुको स्वास्थ्य शाखा मार्फत एकमुष्ठ आइपुग्ने गरी बुझाउनु पर्नेछ।
३. विद्यालयमा कार्यरत शिक्षकहरुको हकमा शिक्षा शाखा मार्फत एकमुष्ठ आइपुग्ने गरी बुझाउनु पर्नेछ।

राम पुकार यादव

नि.प्रमुख प्रशासकिय अधिकृत